# छिपहरमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

भिस्वा, पर्सा
मधेश प्रदेश, नेपाल

## बोलपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मिति २०८०।०५।३०)(संसोधित)

यस छिपहरमाई गाउँपालिकाको स्वामित्वमा रहेका तपसिल बमोजिमको सार्वजनिक पोखरीहरुमा माछापालन गरी बिक्रि वितरण तथा उपभोग गर्न पाउने ५ वर्षको लागि सिलबन्दि बोलपत्र आव्हान गरिएको हुँदा निम्न सर्तहरुको अधिनमा रहने गरी इच्छुक नेपाली नागरिक र फर्मबाट रीतपूर्वक गोप्य शिलबन्दी बोलपत्र दरखास्त आह्वान गरिएको छ ।

तपसिल

| क्र. स | ठेक्का नं | वडा नं. | पोखरीको नाम | ठेक्का अवधि | क्षेत्रफल (कठ्ठामा) | न्यूनतम ठेक्का रकम (५वर्षको लागि ) | धरौटी रकम रु | बोलपत्र दस्तुर (फिर्ता नहुने गरि) |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०२।०८०।०८१ | ३ | जयमंगलापुर सार्वजनिक पोखरी | ५ वर्ष | ४ विघा ६ कठ्ठा | २९,९०,०००।०० | ७४,७५०।०० | ३,०००।०० |
| २ | ०३।०८०।०८१ | ४ | पनपिउवा पोखरी | ५ वर्ष | ५ विघा | ३७,२०,०००।०० | ९३,०००।०० | ३,०००।०० |
| ३ | ०४।०८०।०८१ | ४ | रधिया पोखरी | ५ वर्ष | २ विघा | १४,४०,०००।०० | ३६,०००।०० | १,०००।०० |
| ४ | ०५।०८०।०८१ | १ | जाठ पोखरी | ५ वर्ष | ७ कठा ७ धुर | २,८०,०००।०० | ७,०००।०० | १,०००।०० |
| ५ | ०६।०८०।०८१ | २ | नवगवाँ पोखरी | ५ वर्ष | ३ कठा १० धुर | १,२०,०००।०० | ३,०००।०० | १,०००।०० |
| ६ | ०७।०८०।०८१ | १ | देवी स्थान पोखरी | ५ वर्ष | २ कठा १० धुर | १,००,०००।०० | २,५००।०० | १,०००।०० |
| ७ | ०८।०८०।०८१ | २ | टिहुकी पोखरी | ५ वर्ष | ३ कठा १० धुर | १,५०,०००।०० | ३,८००।०० | १,०००।०० |
| ८ | ०९।०८०।०८१ | ४ | विचली पोखरी | ५ वर्ष | २ विघा ५ कठा ९ धुर | १८,००,०००।०० | ४५,०००।०० | १,०००।०० |
| ९ | १०।०८०।०८१ | ४ | डबरी पोखरी | ५ वर्ष | ५ कठा ५ धुर | १,६०,०००।०० | ४,०००।०० | १,०००।०० |

## सर्तहरू

१. माछा फर्मको हकमा अधावधिक नविकरण गरेको ईजाजत पत्र, स्थायी लेखा नं. प्रमाणपत्र, मू.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७९।०८० सम्मको आयचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र निवेदन सहित (व्यक्तिको हकमा नेपाली नागरिकता र निवेदन सहित) तोकिएको बोलपत्र दस्तुर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले २१ औ दिन कार्यालय समय भित्र यस कार्यालयवाट ईच्छुक बोलपत्रदाताले बोलपत्र सम्बन्धित कागजात खरिद गर्न सक्नेछ साथै बोलपत्र पेश गर्न चाहने बोलपत्र दाताले तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखामा जम्मा गरेको भाउचरलाई बोलपत्र कागजात सहित पेश गर्नु पर्नेछ ।

२. खरिद गरेको बोलपत्र माछा फारमहरु उल्लेख भएका सबै विवरणहरु भरि बोलपत्र दाताले प्रत्येक पनामा सहि छाप गरि सिलबन्दी गरी खाम बाहिर माछा फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटर/व्यक्तिको नाम, ठेगाना, फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औ दिनको १२ बजे भित्र यस कार्यालयमा Hard Copy दर्ता गर्न सकिनेछ ।

३. एक माछा फर्म वा व्यक्तिको नाममा खरिद गरेको बोलपत्र अर्को फर्म वा व्यक्तिको नामबाट दाखिला गर्न पाइने छैन ।

४. दर्ता भएको बोलपत्र यो सुचना प्रकाशित भएका मितिले ठेक्का नं. ०२।०८०।०८१ तथा ०३।०८०।०८१ को हकमा ३० दिन सम्म खरिदको म्याद रहने ३१औं दिन १२ बजे सम्म दर्ता गर्ने र ठेक्का नं. ४।०८०।०८१ देखि १०।०८०।०८१ को हकमा १५ दिन सम्म खरिदको म्याद रहने १६ औं दिनको १२ बजे सम्म दर्ता गर्ने र कम्रश सोहि दिनको २ बजे बोलपत्र र दरभाउपत्र गरि कार्यालयका प्रतिनिधि तथा बोलपत्रदाताको रोहबरमा खोलिनेछ । बोलपत्रदाता अनुपस्थिति भएमा पनि खोल्न बाधा पर्ने छैन।

५. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन विदा पर्ने गएमा सोको भोलि पल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोहि समयलाई उक्त प्रयोजनको मान्यता दिइनेछ ।

CamScanner

६. शिलबन्दी बोलपत्र फारम साथ जमानत वापत तोकिएको रकम कार्यालयको एन आई सि एसिया भिस्वा शाखा स्थित धरौटी खाता नं. L6CA000187452404 मा जम्मा गरि सक्कलै बैंक भाउचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सकने ईजाजत प्राप्त बैंकहरुबाट बोलपत्र दाखिला गर्न अन्तिम मितिबाट कम्तिमा १८० दिन म्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ ।

७. बोलपत्रमा आइटम वाइज दर अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षर लेखिएकोलाई मान्यता दिइनेछ ।

८. छिपहरमाई गा.पा.को हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. बोलपत्र दाताले सार्वजनिक पोखरी र माछा पालन गर्ने कामको सम्बन्धमा राम्रो संग बुझी दररेट भरेको मानिनेछ ।

१०. शर्त रहेको, रित नपुगेको तथा म्याद नाधि आएको बोलपत्र उपर कुनै कारवाहि हुने छैन ।

११. न्युनतम ठेक्का रकम भन्दा घटी रकम कबोल गर्न पाइने छैन । न्युनतम ठेक्का रकम भन्दा घटी रकम कवोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वत: रद्ध भएको मानिनेछ ।

१२. सबै भन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाता संग कार्यालयले सम्झौता गर्दा ५ वर्षको लागि साकार गरेको ठेक्का रकम मध्ये प्रथम किस्ता वापत हुन् आउने रकम नगदै बुझाउनु पर्नेछ र बाँकी रकम बरावरको बैंक ग्यारेन्टी पेश गरेपछि मात्र पोखरी सम्झौता गरिनेछ तथा चलन पट्टा दिईनेछ अथवा सम्झौताको बखत धन जमानी सम्वन्धमा गाउँ कार्यपालिकाले निर्णय गरेमा सोहि निर्णय वमोजिम धन जमानी/बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

१३. ठेकेदारले सम्झौता बमोजिम सम्पूर्ण किस्ता चुक्ता गरी सकेपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ ।

१४. ठेक्का लिए वापत प्रचलित कानुन बमोजिम कुनै शुल्क, कर, दस्तुर इत्यादि तिर्नुपर्ने दायित्व ठेकेदारको रहेनछ ।

१५. ठेक्का स्वीकृत भई गाउँपालिकाले माग गरे बमोजिमको पहिलो किस्ता रकम दाखिला गरी सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ । ठेक्का सम्झौता गरेपछि कार्यालयबाट चलन पुर्जी लिई तोक्रिएको मितिबाट ठेक्का संचालन गर्न पाईनेछ ।

१६. ठेकेदारले ठेक्का चलन गर्दा प्रचलित कानुन अनुसार मात्र चलन गर्नु पर्नेछ । गाउँपालिका वा सार्वजनिक हित विपरित कुनै पनि कार्य गर्न गराउन पाउने छैन ।

१७. बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गरि सक्नु पर्नेछ र सम्झौता गरेको एक महिना भित्र पोखरी माछा पालनको विमा गराई सक्नु पर्नेछ । माछा पालनको क्रममा कुनै घटनाबाट कुनै किसिमको क्षति भएमा गाउँपालिकाबाट कुनै किसिमको क्षतिपूर्ति वा मिनाहा, छुट केहि पनि प्राप्त हुने छैन ।

१८. ठेक्का सम्बन्धि कुनै विवाद भएमा गाउँपालिकाको निर्णय नै मान्य हुनेछ ।

१९. नेपाल सरकार, प्रदेश सरकार र छिपहरमाई गाउँपालिकाको कार्यालयबाट समय समयमा दिईने निर्देशनको पालना गर्नु ठेकेदारको कर्तब्य हुनेछ । सो पालनको कारणबाट सामान्य क्षति वा घाटा भएको भनी क्षतिपूर्ति वा मिनाहा, छुट केहि पनि प्राप्त हुने छैन ।

२०. कबुल गरेको रकम शुरुमा एक मुष्ट बुझाएमा १० प्रतिशत छुट दिईने छ ।

२१. यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

*नोट : अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराइन्छ ।*

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

CamScanner